# गौरीगङ्गा नगरपालिका
# कार्यपालिकाको कार्यालय
## चौमाला, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं ...
वेबसाइट: www.gauriganggamun.gov.np
: -info.gauriganggamun@gmail.com

पत्र संख्या : ०८३/०८४
चलानी नं. :

### पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्ने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०५/१७)

यस नगरपालिकालाई आ.व २०८३/०८४ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्न इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी, फर्म र प्रकाशन कम्पनी/संस्थाहरुले नियमानुसार दिन सक्ने छुट सहितको दररेट तपसिलका कागजपत्रहरुसहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। कार्यालयले प्राप्त सबै प्रस्तावहरूमध्ये उपयुक्त, प्रतिस्पर्धात्मक र न्यूनतम दर प्रस्ताव गर्ने एजेन्सी/फर्मलाई छनौट गर्नेछ। साथै प्रस्तावहरू स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

| क्र.स | विवरण | अन्तिम पेश गर्ने मिति | प्रस्ताव खोल्ने मिति | प्रस्ताव दस्तुर | वैंक जमानत |
|---|---|---|---|---|---|
| १. | राष्ट्रिय दैनिक पत्रिका (क श्रेणी) (e-paper सहित) | २०८३/०५/२४, अपरान्ह१२:०० बजेभित्र | २०८३/०५/२४, दिउँसो २:०० बजे | रु. १०००/- | र.१५०००/- |

............
प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु**

- संस्था / एजेन्सी अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र ।
- अद्यावधिक/नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र ।
- आर्थिक प्रस्ताव फाराम दस्तुर वापत रु.१०००/-यस कार्यालयको खातामा जम्मा गरेको भौचर ।
- रु १५,०००/- (पन्ध्र हजार) नगत वा वैंक जमानत ।
- मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र ।
- स्थायी लेखा नम्बर (PAN)/(VAT) दर्ता प्रमाणित प्रमाणपत्र।
- आ. व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण पत्र ।
- विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएको प्रतिलिपि ।
- निवेदन ।

नोटः- प्रस्ताव फाराम यस कार्यालयको **Website:** <u>www.gauriganggamun.gov.np</u> बाट डाउनलोड गर्न सकिनेछ ।

CamScanner

## सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्बन्धी शिलबन्दी आर्थिक प्रस्ताव फारम ।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौरीगंगा नगरपालिका
चौमाला कैलाली,

तहाँ कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सुचना प्रकाशन गर्ने प्रयोजनार्थ छूट सम्वन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकाहरुमा सुचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेका छु ।

| क.स | राष्ट्रिय दैनिक पत्रिका (क श्रेणी) | दर रेट (प्रति सी.सी.) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १. | | | | |

नोट :

१) छूट प्रतिशत सम्वन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा प्रकाशित दर रेटमा लागू हुनेछ ।
२) छूट प्रतिशत सम्झौता भएपश्चात २०८४ असाढ मसान्तसम्मको लागि लागू हुनेछ ।
३) आधिकारीक रुपमा प्रकाशित दररेटमा उल्लेखित कवोल छूट रकम घटाएपछि आउने रकममा नियमानुसार कर/मुल्य अभिवृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नाम :

हस्ताक्षर :

फर्मको छाप :

मिति :

मोवाईल नम्वर:

सामान्य सर्तहरू

(क) प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई निर्देशन

१) आर्थिक प्रस्ताव फाराम दस्तुरबापत रु. १,०००/- NIC ASIA Bank, चौमाला शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं. ०७१२०५००२८०६२००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा कार्यालयको राजस्व शाखामा रकम दाखिला गरेको नगदी रसिद प्रस्ताव साथ पेश गर्नुपर्नेछ।

२) प्रस्तावदाताले यस कार्यालयको NIC ASIA Bank, चौमाला शाखामा रहेको धरौटी खाता नं. ७१CA५००९८२५२४००४ मा रु १५,०००/- (पन्ध्र हजार) नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा सम्वन्धित प्रस्तावदाताको नाम स्पष्ट उल्लेख गरी, प्रस्ताव खोल्ने मिति देखि कम्तीमा ७५ (पचहत्तर) दिनको म्याद भएको दरभाउपत्र जमानत (Bid Bond) पेश गर्नुपर्नेछ।

३) प्रस्ताव फाराममा उल्लिखित सम्पूर्ण विवरण स्पष्ट रूपमा भरी प्रत्येक पानामा दस्तखत तथा फर्म/संस्थाको छाप लगाई सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। सोहि दिनको दिउँसो २:०० बजेपछि प्रस्तावदाता वा निजका प्रतिनिधिको रोहबरमा खोलिनेछ। प्रस्तावदाता/प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन। सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिनमा सम्पादन गरिनेछ।

४) एक फर्म/संस्थाको नाममा खरिद गरिएको फाराम अर्को फर्म/संस्थाको नामबाट पेश गर्न पाइने छैन। प्राप्त प्रस्तावहरू अन्तिम म्याद समाप्त भएको म्याद नाघी प्राप्त भएका, रीत नपुगेका, शर्तसहित पेश भएका वा आवश्यक कागजात संलग्न नभएका प्रस्तावहरू स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। प्रस्ताव स्वीकृत, अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

५) प्रस्तावको बाहिरी खाममा "गौरीगंगा नगरपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव" उल्लेख गरी श्री प्रमुख प्रशासकीय अधिकृत, गौरीगंगा नगरपालिका, चौमाला, कैलाली लाई सम्वोधन गरेको हुनुपर्नेछ।

६) प्रस्तावित छुट प्रतिशत अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) प्रस्तावसाथ सम्वन्धित पत्रपत्रिकाले आधिकारिक रूपमा प्रकाशित गरेको विज्ञापन दररेट (Rate) अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

८) प्रस्तावसँग पेश गरिएका सम्पूर्ण कागजातमा प्रस्तावदाताको दस्तखत तथा फर्म/कम्पनीको छाप भएको हुनुपर्नेछ।

(ख) कार्य सम्पादनसम्वन्धी शर्तहरू

१) कबोल गरिएको छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक दररेटमा लागू हुनेछ। दररेटमा परिवर्तन भएमा प्रस्तावदाताले कार्यालयलाई तत्काल जानकारी गराउनुपर्नेछ।

२) सम्वन्धित पत्रपत्रिकाबाट विशेष योजना, थप छुट वा सहुलियत उपलब्ध भएमा सो थप छुट/सहुलियत समेत कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

३) कार्यालयको लिखित आदेश बमोजिम तोकिएको मिति, समय, आकार र पृष्ठमा मात्र सूचना प्रकाशन गर्नुपर्नेछ। आदेशविपरीत प्रकाशित सामग्रीको भुक्तानी गरिने छैन।

४) सामान्यतया सूचना प्रकाशन गर्नुपर्ने मितिभन्दा कम्तीमा १ दिन अगावै सूचना तथा लिखित आदेश उपलब्ध गराइनेछ। आकस्मिक सूचना प्रकाशन गर्नुपर्ने अवस्थामा आपसी समन्वयमा तत्काल प्रकाशनको व्यवस्था गर्नुपर्नेछ।

५) स्वीकृत प्रस्तावदाताले कार्यालयबाट उपलब्ध गराइएको सूचना/सामग्री संकलन गरी समयमै प्रकाशन गर्नुपर्नेछ।

CamScanner

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

६) कार्य सम्पन्न भएपछि प्रकाशित सूचनाको प्रमाण/प्रकाशित प्रतिलिपि/बिल/बीजक कार्यालयमा पेश गर्नुपर्नेछ।
७) सेवा सन्तोषजनक नभएमा कार्यालयले १५दिनको लिखित सूचना दिई सम्झौता अन्त्य गर्न सक्नेछ।
८) सूचना प्रकाशन हुने राष्ट्रियस्तरको पत्रपत्रिकाको E-Paper समेत हुनु पर्नेछ ।

(ग) प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरू

प्रस्तावदाताले देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ:

१) सम्बन्धित राष्ट्रियस्तरको "क" वर्गको पत्रपत्रिकाको आधिकारिक विज्ञापन एजेन्सीको रूपमा कार्य गर्न प्राप्त वैध तथा नवीकरण भएको प्रमाणपत्र।
२) सम्बन्धित पत्रपत्रिकाको विज्ञापन दररेट (Rate) तथा विज्ञापनको साइज खुल्ने आधिकारिक प्रमाण।
३) अद्यावधिक व्यवसाय दर्ता/इजाजतपत्र।
४) अद्यावधिक फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्र।
५) VAT/ PAN दर्ता प्रमाणपत्र।
६) आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र।
७) विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र।
८) प्रस्तावदाताको निवेदन।

(घ) मूल्याङ्कनसम्बन्धी व्यवस्था

१) प्रत्येक पत्रपत्रिकाको लागि छुट्टाछुट्टै रूपमा मूल्याङ्कन गरिनेछ।
२) तोकिएका सम्पूर्ण कागजात तथा शर्तहरू पूरा गरेका प्रस्तावदातामध्ये सम्बन्धित पत्रपत्रिकाको आधिकारिक दररेटमा बढी छुट प्रतिशत, थप छुट/सहुलियत तथा समायोजनसहितको न्यूनतम प्रभावकारी दर प्रस्ताव गर्ने प्रस्तावदातालाई प्राथमिकता दिइनेछ।
३) समान छुट प्रस्ताव गर्ने प्रस्तावदाताको हकमा कार्यालयले आवश्यक आधार निर्धारण गरी प्रचलित कानुनबमोजिम प्रस्ताव छनोट गर्न सक्नेछ।

(ङ) भुक्तानीसम्बन्धी व्यवस्था

१. कार्य सम्पन्न गरी पेश भएको बिल/बीजक तथा आवश्यक प्रमाणका आधारमा भुक्तानी EFT System मार्फत गरिनेछ। पेश्की वा आंशिक भुक्तानी उपलब्ध गराइने छैन।
२. प्रस्ताव फाराममा कवोल गरिएको छुट प्रतिशत सम्झौता भएको मितिदेखि २०८४ साल असार मसान्तसम्म कायम रहनेछ।
३. प्रचलित कानुनबमोजिम लाग्ने कर तथा अन्य कट्टीहरू कट्टा गरी भुक्तानी गरिनेछ।

(च) विविध

१. प्रचलित कानुनबमोजिम बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर तथा अन्य दायित्व प्रस्तावदाता स्वयंले व्यहोर्नुपर्नेछ।
२. प्रस्तावसम्बन्धी अन्य विषयहरू सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानुनबमोजिम हुनेछ।
३. प्रस्ताव स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
४. यस प्रस्तावमा उल्लेख नभएका विषयमा प्रचलित कानुन तथा यस कार्यालयको निर्णय अन्तिम हुनेछ।

CamScanner